# पञ्चपुरी नगरपालिका

# स्थानीय राजपत्र

खण्ड ९ | संख्या | मिति: २०८३।०४।०७

## भाग २
## पञ्चपुरी नगरपालिका

पञ्चपुरी नगरपालिकाको कार्यालय, बाबियाचौर, सुर्खेत, कर्णाली प्रदेश, नेपाल

कार्यपालिकाबाट स्वीकृत मिति: २०८३।०४।०७

# पञ्चपुरी नगरपालिका पशुपन्छी हाटबजार सञ्चालन तथा व्यवस्थापन कार्यविधि,२०८३

## प्रस्तावनाः

पशुपन्छी तथा पशुपन्छीजन्य वस्तुहरूको किनबेच, संकलन, आदानप्रदान वा कारोबार–लाई स्थानीय तहले तोकेको स्थान र समयमा सञ्चालन हुने बजार वा हाटमा गाई, भैंसी, बाख्रा, भेडा, सुँगुर, कुखुरा लगायतका पशुपन्छीहरू तथा तत् सम्बन्धित सेवाहरूको कारोबार गर्नका लागि पञ्चपुरी नगरपालिकाभित्र सञ्चालन हुने पशुपन्छी हाटबजारलाई व्यवस्थित, सुरक्षित, पारदर्शी र स्वस्थ्यकर बनाउन तथा पशुपन्छी कल्याण, कृषक, व्यापारी र उपभोक्ताको हित संरक्षण गर्ने गरी स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ बमोजिम यो पञ्चपुरी नगरपालिका पशुपन्छी हाटबजार सञ्चालन तथा व्यवस्थापन कार्यविधि,२०८३ जारी गरिएको छ।



CamScanner

# परिच्छेद १

## प्रारम्भिक

**१.संक्षिप्त नाम र परिभाषा**

(क) यस कार्यविधिको नाम "पञ्चपुरी नगरपालिका पशुपन्छी हाटबजार सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०८3" रहेको छ।

(ख) यो कार्यविधि कार्यपालिकाबाट स्वीकृत भएपछि लागू हुनेछ।

**2.परिभाषा**

विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा प्रयोग भएका शब्द/शब्दावलीका अर्थ निम्नानुसार रहनेछन्

(क) '**नगरपालिका**' भन्नाले पञ्चपुरी नगरपालिकालाई जनाउँछ।

(ख) '**कार्यपालिका**' भन्नाले नगर कार्यपालिकालाई जनाउँछ।

(ग)' **पशुपन्छी विकास शाखा**' भन्नाले पञ्चपुरी नगरपालिका अन्तर्गतको पशुपन्छी विकास शाखालाई जनाउँछ।

(घ)' **व्यापारी**' भन्नाले हाटबजारमा पशुपन्छी किनबेच गर्ने व्यक्ति, फर्म वा संस्था लाई जनाउँछ।

(ङ)' **पशुपन्छी हाटबजार**' भन्नाले पशुपन्छी तथा पशुपन्छीजन्य वस्तुहरूको किनबेच, संकलन, आदानप्रदान वा– कारोबारलाई स्थानीय तहले तोकेको स्थान र समयमा सञ्चालन हुने बजार वा हाट लाई जनाउँछ

(च)' **संयोजक**' भन्नाले पशुपन्छी हाटबजार सन्चालन भएको वडाको वडा अध्यक्षलाई जनाउछ।

(छ)' **पशु कल्याण**' भन्नाले पशुपन्छीलाई सम्मानपूर्वक, मानवीय र जिम्मेवार तरिकाले हेरचाह र व्यवस्थापन गर्ने अभ्यासलाई जनाउँछ।

(ज)) '**स्वस्थकर पशुपन्छी**' भन्नाले निरोगी , असंक्रामक वा जोखिममुक्त पशुपन्छीलाई जनाउँछ।

(झ)' **भेटेरिनरी प्रमाणपत्र**' भन्नाले पशुपन्छीको स्वास्थ्य प्रमाणपत्र जनाउँछ।

# परिच्छेद २

## पशुपन्छी हाटबजार संचालन तथा व्यस्थापन

**१.पशुपन्छी हाटबजार संचालन देहायबमोजिम गरिनेछ।**

(क) पशुपन्छी स्वास्थ्य, सरसफाइ र उपचारका मापदण्डहरू सुनिश्चित गर्दै हाटबजार संचालन गरिनेछ।

(ख) वातावरणीय सुरक्षा, पशु कल्याण र प्राकृतिक स्रोतको संरक्षणलाई प्राथमिकतामा राख्दै हाटबजार सन्चालन गरिनेछ।

(ग) पशुपन्छी हाटबजार पन्चपुरी नगरपालिकाले तोकेको स्थानमा सन्चालन हुनेछ।

(घ) नगरपालिकाले तोकेको सार्वजनिक वा स्वीकृत स्थानमा मात्र हाटबजार सन्चालन गर्नुपर्नेछ।

**२. पशुपन्छी हाटबजार  व्यस्थापन देहायबमोजिम गरिनेछ।**

(क)स्थानीय किसान र पशुपन्छीपालकलाई आफ्ना पशुपन्छीहरूको बिक्री तथा खरिदका लागि व्यवस्थित, सुरक्षित र सहज बजार सुविधा उपलब्ध गरिनेछ।

(ख)पशुपन्छीपालन व्यवसायलाई प्रवर्द्धन गरी स्थानीय आर्थिक विकास र रोजगारी सृजना गर्न जोड दिईनेछ।

(ग) हाटबजार मार्फत पशुपन्छी व्यापारमा पारदर्शिता, उचित मूल्य निर्धारण र वाणिज्यिक सहकार्यलाई सुनिश्चित गर्न सहजिकरण गरिनेछ।

(घ) किसान, व्यापारी र उपभोक्ताबीचको सहकार्य, जानकारी आदानप्रदान र प्रशिक्षणका अवसरहरू प्रदान गरिनेछ।

# परिच्छेद ३

## हाटबजार व्यवस्थापन तथा राजस्व संकलन

१. **हाटबजार व्यवस्थापन समितिः** हाटबजार सन्चालन हुने वडाको वडा अध्यक्ष संयोजक रहने गरी देहायको समिति रहनेछ ,

| | |
|---|---|
| (ङ) वडा अध्यक्ष | संयोजक |
| (च) सम्बन्धीत सामुदायिक वन उपभोक्ता समिति बाट एकजना प्रतिनिधि | सदस्य |
| (छ) प्रतिनिधि, उधोग बाणिज्य संघको प्रतिनिधि | सदस्य |
| (ज) राजस्व परामर्श समितिको प्रतिनिधि | सदस्य |
| (झ) शाखा प्रमुख,  पशुपन्छी विकास शाखा | सदस्य–सचिव |



CamScanner

२. **समितिको काम, कर्तव्य र अधिकार देहाय अनुसार हुनेछ ,**

(क) हाटबजारको नियमित सञ्चालन, व्यवस्थापन तथा अनुगमन गर्ने।

(ख) राजस्व संकलन र पारदर्शी अभिलेख राख्ने।

(ग) पशुपन्छी स्वास्थ्य, सरसफाइ र सुरक्षा व्यवस्था मिलाउने।

(घ) कार्यविधि विपरीत कार्य गर्ने उपर आवश्यक कारबाही सिफारिस गर्ने।

(ङ) समितिले आवस्यकता अनुसार सम्बन्धित क्षेत्रका बिज्ञ तथा अन्य शाखाका कर्मचारी लाई आमन्त्रण गर्न सक्नेछ।

३. **हाटबजार सञ्चालन दिन तथा समय** : हाटबजार सञ्चालन दिन तथा समय देहाय अनुसार हुनेछ।

(च) हाटबजार सञ्चालन हुने दिन प्रत्यक शनिवार बिहान ८ बजे देखि साझ ५ बजेसम्म हुनेछ।

(छ) विशेष परिस्थितिमा नगरपालिकाले समय वा दिन परिवर्तन गर्न सक्नेछ।

४. **राजस्व संकलन सम्बन्धी व्यवस्था:** राजस्व संकलन सम्बन्धी व्यवस्था देहाय अनुसार हुनेछ ,

(ज) हाटबजार भित्र खरिद बिक्री गर्दा बिक्रेताबाट प्रत्येक पशु (बाख्रा, बोका, भेडा आदि) रु. 15(पन्ध्र रुपैयाँ मात्र) का दरले राजस्व उठाइनेछ।उक्त राजस्व सम्बन्धित वडा मार्फत संकलन गरिने छ ।

(झ) नगरपालिकाबाट पशुपन्छी निकासी गर्ने निकासीकर्ताहरुको हकमा प्रतिपशु खसिबाख्रा रु.20(बिस रुपिँया) र राँगाभैँसि रु.50 (पचास रुपिँया) का दरले राजस्व लाग्नेछ।

(ञ) संकलित राजस्व नगरपालिकाको राजस्व खातामा जम्मा गरिनेछ।

(ट) राजस्व संकलन गर्दा आधिकारिक रसिद अनिवार्य रूपमा प्रदान गर्नुपर्नेछ।उक्त रसिद नगरपालिकाले प्रमाणित गरि उपलब्ध गराउनेछ।

(ठ) हाटबजार तथा पशुपन्छी खरिद बिक्री,निकासी सम्बन्धी सम्पूर्ण कार्यको प्रतिवेदन पशुपन्छी विकास शाखाले नगरपालिकाको कार्यालयलाई बुझाउनुपर्नेछ।

(ड) राजस्व संकलन सम्बन्धी रसिदको ढाचा अनुसूची १ मा तोके वमोजिम हुनेछ।

(ढ) संकलित राजस्व हाटबजारको सरसफाइ तथा व्यवस्थापनमा खर्च गर्न सकिनेछ।



CS CamScanner

# परिच्छेद ४

## पशुपन्छी स्वास्थ्य सरसफाइ तथा सुरक्षा व्यवस्था

### १. पशुपन्छी स्वास्थ्य तथा सरसफाइ :

(ण) पशुपन्छी ढुवानी गर्दा अनिवार्य रुपमा भेटेरिनरी प्रमाणपत्र भएको हुनुपर्ने छ।

(त) रोगी, संक्रामक वा जोखिमयुक्त पशुपन्छी हाटबजारमा ल्याउन निषेध गरिनेछ।

(थ) आवश्यक परे पशुपन्छी स्वास्थ्य प्राविधिकको व्यवस्था गरिनेछ।

(द) हाटबजार परिसर सफा राख्नु सबै सरोकारवालाको दायित्व हुनेछ।

### २. सुरक्षा व्यवस्था :

(ध) हाटबजारमा शान्ति सुरक्षाका लागि आवश्यक व्यवस्था गरिनेछ।

(न) झगडा, अवैध कारोबार वा अनियमित गतिविधि गर्न निषेध हुनेछ।

(ऩ) पशुपन्छी हाटबजारलाई नियमित रुपमा रेखेदेख, निरीक्षण र व्यवस्थित गर्ने कार्य सम्बन्धित सामुदायिक वन उपभोक्ता समितिले गर्नेछ।

### ३. दण्ड तथा जरिवाना

(प) हाटबजारबाट खरिद बिक्री गरिएका बाख्रा, बोका, भेडा लगायतका पशुपन्छीहरूलाई जङ्गल क्षेत्रमा लगेर चराउन निषेध गरिनेछ।

(फ) उपदफा (क) विपरीत जङ्गलमा लगेर चराएको पाइएमा प्रति पटक रु. १०० (एक सय रुपैयाँ) प्रतिपशुका दरले जरिवाना गरिनेछ।

(ब) अन्य कार्यविधि विपरीत कार्य गरेमा नगरपालिकाले तोकेबमोजिम कारबाही वा जरिवाना गर्न सक्नेछ।

(भ) हाटबजार खुल्ने दिन हाटबजार भन्दा बाहिर बिक्री वितरण भएको भेटिएमा खरिद बिक्रीकर्ता दुवैलाई प्रतिपगोटा रु. १०० (एक सय मात्र ) जरिवाना लाग्नेछ।



CS CamScanner

# परिच्छेद ५

## विविध

**१.बाधा अड्काउ फुकाउ**

(क) यस कार्यविधिको कार्यान्वयन गर्ने जिम्मेवारी पन्चपुरी नगरपालिका कार्यालयको हुनेछ

(ख) कार्यविधि कार्यान्वयनमा कुनै बाधा वा अड्काउ आएमा नगर कार्यपालिकाको निर्णय अनुसार समाधान हुनेछ।

(ग) नगर कार्यपालिकाले यो कार्यविधि आवश्यक्ता अनुसार संशोधन वा परिमार्जन गर्न सक्नेछ।

# अनुसूची १

## राजस्व संकलन रसिद

**पञ्चपुरी नगरपालिका**

पशुपन्छी हाटबजार सञ्चालन तथा व्यबस्थापन समिति

राजस्व संकलन रसिद

रसिद नं.........

मिति...............

हाटबजार स्थानः पञ्चपुरी नं.पा.,वडा नं

राजस्व तिर्नेको नामः.........................          ठेगाना .............................

पशुपन्छीको विवरण

| क्र.सं | पशुपन्छीको किसिम | संख्या | दर(रु.) | जम्मा रकम |
|---|---|---|---|---|
| | | | | |
| | | | | |

बुझिलिनेको नामः...............................          बुझाउनेको नामः................................

हस्ताक्षर.........................          ठेगाना ............................

हस्ताक्षर.........................

नोटः यो रसिद पञ्चपुरी नगरपालिका पशुपन्छी हाटबजार सञ्चालन तथा व्यबस्थापन कार्यविधि २०८३ अनुशार जारी गरीएको छ।

एकपटक तिरेको राजस्व फिर्ता हुने छैन।

२०८३/०४/१८

आज्ञाले,

नारायण बहादुर बिष्ट

प्रमुख प्रशासकीय अधिकृत

नारायण बहादुर बिष्ट

प्रमुख प्रशासकीय अधिकृत